# अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको परियोजना सहजीकरण सम्बन्धी कार्यविधि, २०82

**प्रस्तावना**ः अन्तर्राष्ट्रिय गैरसरकारी संस्था मार्फत सञ्चालन हुने परियोजनालाई सरकारको प्राथमिकताका क्षेत्रमा केन्द्रित गर्दै त्यस्ता परियोजनाको प्रतिफल प्रभावकारीरुपमा उपयोग गर्न, त्यस्ता संस्था मार्फत सञ्चालन हुने परियोजनालाई सरकारका विभिन्न निकाय र गैरसरकारी संस्थाबीच समन्वय तथा सहयोगलाई एकिकृत रुपमा परिचालन गरी समग्र मुलुकको विकासमा टेवा पुर्‍याउने कार्यमा सहयोग गर्न बाञ्छनीय भएकाले,

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ६५ को उपदफा (४) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले देहायको कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## प्रारम्भिक

1. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको परियोजना सहजीकरण सम्बन्धी कार्यविधि, २०८२" रहेकोछ।

   (२) यो कार्यविधि मन्त्रालयले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ।

2. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

   (□) "परियोजना" भन्नाले संस्थाले सञ्चालन गर्न परिषद् समक्ष प्रस्ताव गरेको परियोजना सम्झनुपर्छ।

   (□) "परियोजना सम्झौता" भन्नाले संस्थाले परियोजना सञ्चालनका लागि परिषद्सँग गर्ने परियोजना सम्झौता सम्झनु पर्छ।

   (□) "परिषद्" भन्नाले समाजकल्याण परिषद् सम्झनु पर्छ।

   (□) "मन्त्रालय" भन्नाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ।

   (□) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ।

   (□) "समिति" भन्नाले दफा ३ बमोजिमको सहजीकरण समिति सम्झनु पर्छ।

   (□) "साधारण सम्झौता" भन्नाले संस्थाले नेपालमा परियोजना सञ्चालन गर्नका लागि अनुमति प्राप्त गर्न परिषद्सँग गर्ने साधारण सम्झौता सम्झनु पर्छ।

   (□) "संयोजक" भन्नाले समितिको संयोजक सम्झनु पर्छ।

   (□) "संस्था" भन्नाले परियोजना प्रस्ताव गर्ने वा कार्यान्वयन गर्ने अन्तर्राष्ट्रिय गैरसरकारी संस्था सम्झनु पर्छ।

## परिच्छेद -२

## सहजीकरण समिति सम्बन्धी व्यवस्था

3. **समितिको गठनः** (१) अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको परियोजना विश्लेषण र सिफारिश गर्न देहाय बमोजिमको सहजीकरण समिति गठन गरिएकोछ:-

(क) सहसचिव, मन्त्रालयको सामाजिक समन्वयमहाशाखा प्रमुख - संयोजक

(ख) प्रतिनिधि, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(ग) प्रतिनिधि, अर्थ मन्त्रालय -सदस्य

(घ) प्रतिनिधि, कानून, न्यायतथा संसदीय मामिला मन्त्रालय -सदस्य

(ङ) प्रतिनिधि, गृह मन्त्रालय -सदस्य

(च) प्रतिनिधि, परराष्ट्र मन्त्रालय -सदस्य

(छ) प्रतिनिधि, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय -सदस्य

(ज) प्रतिनिधि, परियोजनासँग प्रत्यक्ष सम्बन्धित मन्त्रालय -सदस्य

(झ) प्रतिनिधि, राष्ट्रिय योजना आयोग -सदस्य

(ञ) शाखा प्रमुख, मन्त्रालयको कानून तथा फैसला कार्यान्वयनशाखा -सदस्य

(ट) शाखा प्रमुख, मन्त्रालयको आर्थिक प्रशासन शाखा -सदस्य

(ठ) परिषद्ले तोकेको परिषद्को निर्देशक वा उपनिर्देशक -सदस्य

(ड) मन्त्रालयको सम्बन्धित शाखाको उपसचिव - सदस्य-सचिव

(२) उपदफा (१) बमोजिम प्रतिनिधि मनोनयन गर्दा सम्बन्धित मन्त्रालयले कम्तीमा उपसचिवस्तरको प्रतिनिधि मनोनयन गर्नु पर्नेछ।

(३) सदस्य-सचिवको अनुपस्थितिमा सम्बन्धित शाखाको अधिकृतलाई संयोजकले सदस्यसचिवको जिम्मेवारी तोक्न सक्नेछ।

(4) समितिमा प्राप्त प्रस्ताव समितिमा प्रतिनिधित्व रहेको मन्त्रालय बाहेक अन्य मन्त्रालय र निकायसँग सम्बन्धित देखिएमा समितिको संयोजकले त्यस्तो प्रस्तावको विषयमा हुने बैठकमा सम्बन्धित मन्त्रालयका प्रतिनिधि र आवश्यकता अनुसार विषयवस्तुको जानकारी राख्ने विज्ञलाई समेत आमन्त्रण गर्न सक्नेछ।

4. **<u>समितिको काम, कर्तव्य र अधिकारः</u>** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) परियोजना कार्यान्वयनको लागि साधारण सम्झौता वा परियोजना सम्झौता गर्न वा त्यस्तो सम्झौता नवीकरण वा परियोजना संशोधनका लागि परिषद् मार्फत मन्त्रालयमा प्राप्त संस्थाका परियोजना प्रस्ताव विश्लेषण गरी निर्णयको लागि मन्त्रालयमा सिफारिश गर्ने,

(ख) परियोजना कार्यान्वयनको लागि सम्झौता सम्पन्न भई सकेका संस्थालाई कार्यक्रमको समन्वय एवं सहजीकरण गर्ने सम्बन्धमा सिफारिश गर्ने,

(ग) संस्थाबाट परिचालन हुने स्रोत र कार्यक्रम सम्बन्धमा भविष्यमा अपनाउनु पर्ने नीतिगत तथा प्रक्रियागत विषयमा आवश्यक सिफारिश गर्ने,

(घ) संस्थाबाट कार्यान्वयन गरिने परियोजनाको अनुगमनका साथै केन्द्रीयस्तरका विभिन्न निकाय बीच समन्वय गर्ने।

5. **<u>समितिको बैठक सम्बन्धी कार्यविधिः</u>** (1) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा आवश्यकता अनुसार बस्नेछ।

(2) समितिको बैठक बस्नु भन्दा कम्तीमा चौविस घण्टा अगावै समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने विषय सहितको सूचना सबै सदस्यलाई दिनु पर्नेछ।

(3) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(4) समितिको बैठकको अध्यक्षता संयोजकले र निजको अनुपस्थितिमा समितिका सदस्यले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ।

(5) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(6) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

6. **<u>बैठकभत्ता सम्बन्धी व्यवस्था</u>:** समितिका सदस्यले समितिको बैठकमा भाग लिए वापतको भत्ता रकम अर्थ मन्त्रालयले तोकेको मापदण्ड बमोजिम मन्त्रालयले उपलब्ध गराउने छ।

## परिच्छेद-३

## संस्थाले परियोजना प्रस्ताव तयार गर्दाउल्लेख गर्नु पर्ने विषय

7. **प्रचलित कानून तथा नीतिको अनुकूल हुने गरी परियोजना प्रस्ताव पेश गर्नु पर्ने:** संस्थाले परियोजना अन्तर्गतका क्रियाकलापको प्रस्ताव गर्दा अद्यावधिक तथ्याङ्कको प्रयोग गरी नेपालको संविधान, प्रचलित कानून तथा नेपाल सरकारको सम्बन्धित नीतिको अनुकूल हुने गरी पेश गर्नु पर्नेछ।साथै परियोजना प्रस्ताव गर्दा परियोजना सञ्चालन पश्चात अनिवार्य रुपमा पूँजी निर्माण हुने, लाभग्राही समूदायको जीवनस्तर उकास्ने गरी स्वआर्जनमा आवद्ध हुनुका साथै सम्बन्धित संघ, प्रदेश र स्थानीय तहले स्वामित्व ग्रहण गर्ने गरी प्रस्ताव गर्नुपर्ने।
8. **स्थानीय तह छनौट गर्ने:** संस्थाले परियोजना प्रस्ताव गर्दा राष्ट्रिय आवश्यकता, मन्त्रालयको कार्यक्षेत्र र स्थानीय मागका आधारमा मानव विकास सूचकाङ्कमा पछाडी परेका स्थानीय तह र सो स्थानीय तहका सबै वडा समेट्ने गरी छनौट गर्नु पर्नेछ।
9. **स्थानीय साझेदार संस्था छनौट गर्नुपर्ने:** संस्थाले स्थानीय साझेदार संस्था छनौट गर्दा कार्यक्रम सञ्चालन हुने जिल्लामा स्थापना भएको साझेदार संस्थालाई छनौट गर्नुपर्नेछ।
10. **सामाजिक सद्भावमा प्रतिकूल असर पर्ने गरी परियोजना प्रस्ताव गर्न नहुनेः** संस्थाले परियोजना वा सो अन्तर्गतका क्रियाकलाप गर्दा प्रत्यक्ष वा अप्रत्यक्षरुपमा राष्ट्रिय सुरक्षामा प्रतिकूल असर पर्ने वा नेपालको धार्मिक, सामाजिक, सांस्कृतिक वा जातीय सद्भावलाई असर पुग्ने गरी प्रस्ताव गर्नुहुँदैन।
11. **विकासका प्राथमिकताको क्षेत्रमा परियोजना लक्षित हुनुपर्नेः** (१) परियोजना अन्तर्गत कार्यान्वयन गरिने क्रियाकलाप नेपालको विकास सम्बन्धी राष्ट्रिय एवं क्षेत्रगत प्राथमिकतामा सहयोग पुग्ने गरी प्रस्ताव गरिएको हुनु पर्नेछ।

    (२) परियोजना अन्तर्गत कार्यान्वयन गरिने कियाकलाप आवधिक योजना कार्यान्वयन गर्न टेवा दिने प्रकृतिको हुनु पर्नेछ।

12. **परियोजनको लक्ष्य, उद्देश्य, क्रियाकलाप र बजेटबीच तालमेल हुनुपर्नेः** (१) परियोजनाको लक्ष्य, उद्देश्य, क्रियाकलाप र बजेटवीचमा तालमेल हुनु पर्नेछ।

    (२) प्रत्येक क्रियाकलापको मूल्यांकन तथा अनुगमनको लागि सूचकांक सहितको तार्किक ढाँचामा (लजिकल फ्रेमवर्क) परियोजना प्रस्ताव तयार गरिएको हुनु पर्नेछ।

    (३) परियोजनाको प्रत्येक क्रियाकलापको नतिजा मापन योग्य हुनु पर्नेछ।

    (४) उपदफा (१), (२) र (३) बमोजिम प्रस्ताव नगरिएका परियोजना सिफारिश गरिने छैन।

13. **बजेट तथा आर्थिक व्यवस्थाः** (१) संस्थाले परियोजनाको लागि आवश्यक पर्ने आर्थिक स्रोत र त्यस्तो स्रोतको सुनिश्चितताका बारेमा प्रस्तावमा स्पष्ट उल्लेख गरिएको हुनु पर्नेछ।

    (२) परियोजनाको प्रत्येक क्रियाकलापको लागि गरिने खर्च रकम प्रष्टरुपमा खुलाउनु पर्नेछ।

(३) परियोजनाले आफ्नो कार्यक्षेत्र एक भन्दा बढी स्थानीय तह र जिल्लालाई बनाएको भएमा त्यस्तो प्रत्येक स्थानीय तह र प्रत्येक जिल्लाको लागि खर्च गर्न छुट्याइएको रकमको विवरण समेत परियोजना प्रस्तावमा खुलाएको हुनु पर्नेछ।

(४) एक वर्ष भन्दा बढी अवधिको परियोजना भएमा प्रत्येक वर्षको लागि खर्च गर्न अनुमान गरिएको रकमको विवरण उल्लेख गर्नु पर्नेछ।

(५) परियोजना प्रस्तावमा पूँजी निर्माण सम्बन्धी क्रियाकलापलाई प्राथमिकता दिई समुदाय र कार्यक्रमको आवश्यकता अनुसार पूँजीगत र चालु खर्च बीच उचित सन्तुलन मिलाउनु पर्नेछ ।तर चालु खर्च मात्र गर्ने प्रकृतिको परियोजना भएमा औचित्यको आधारमा समितिले त्यस्तो परियोजनालाई पनि सिफारिश गर्न बाधा पर्ने छैन।

(६) परियोजनाको क्रियाकलाप तर्जुमा गर्दा प्रशासकीय खर्चमा कूल खर्चको बीस प्रतिशत भन्दा बढी हुने गरी प्रस्ताव गर्न पाईने छैन।

(७) परियोजनासँग सम्बन्धित संस्थाका विदेशी प्रतिनिधि वा विदेशी विज्ञले पाउने तलब तथा सुविधा परियोजनाको बजेटबाट व्यहोर्ने गरी परियोजना प्रस्ताव गर्न पाईने छैन ।

तर परियोजना प्रस्तावमा त्यस्ता विदेशी प्रतिनिधि वा विदेशी विज्ञले पाउने तलब तथा सुविधा र सोको श्रोत स्पष्ट खुलाउनु पर्नेछ।

(८) परियोजना अन्तर्गत नेपालमा गरिने सम्पूर्ण खर्चको विवरण परियोजना प्रस्तावमा उल्लेख गर्नु पर्नेछ । परियोजनामा उल्लेख नभएको कार्यक्रम संचालन गर्न पाईने छैन।

14. **नेपाल सरकारलाई प्राप्त हुने प्रतिबद्ध रकमबाट परियोजना प्रस्ताव गर्न नसकिनेः** (१) परियोजनाको खर्च त्यस्तो परियोजनाको दातृ निकाय, संस्था वा राष्ट्रबाट नेपाललाई उपलब्ध गराउने भनी प्रतिवद्धता ब्यक्त गरेको रकम (Earmarkbudget) र अन्तर्राष्ट्रिय क्षेत्रगत कोष सहायता (Sectorial fund) भित्रबाट व्यहोर्ने गरी प्रस्ताव गर्न पाईने छैन।

(२) उपदफा (१) को प्रयोजनको लागि परियोजना प्रस्तावमा उल्लेख गरिएको आर्थिक वा प्राविधिक सहयोग नेपाललाई उपलब्ध गराउने भनी प्रतिवद्धता व्यक्त गरेको रकम (Earmark budget) को रकम होइन भन्ने घोषणा परियोजना प्रस्तावमा सम्बन्धित दातृ निकाय वा संस्थाले गरेको हुनु पर्नेछ।

15. **संस्थाको विज्ञता अनुरुप परियोजना प्रस्ताव गरेको हुनु पर्नेः** (१) संस्थाले परियोजना प्रस्ताव पेश गर्दा संस्थाको मूल उद्देश्य बमोजिम प्रस्ताव पेश गरेको हुनु पर्नेछ।

(२) परियोजना कार्यान्वयनको लागि छनौट गरिने स्थानीय साझेदार संस्था वा निकाय समेत सम्बन्धित क्षेत्रमा कार्य गर्ने उद्धेश्यले स्थापित हुनुपर्नेछ।

16. **राय लिन सक्नेः** परियोजनाका सम्बन्धमा समितिले सम्बन्धित मन्त्रालयको राय लिन आवश्यक ठानेमा मन्त्रालय मार्फत राय लिन सक्नेछ।

17. **परियोजना सम्बन्धी सम्झौता र कार्यान्वयन अवधिः**(१) संस्थाले साधारण सम्झौता गरेको तीन महिनाभित्र परियोजना सम्झौता गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र सम्झौता हुन नसकेमा सोको मनासिब कारण सहित समितिको सिफारिशमा एकै पटक वा पटक पटक गरी बढीमा तीन महिनाको अवधि थप गर्न सकिने छ।

(३) उपदफा (२) बमोजिमको अवधिमा पनि परियोजना सम्झौता हुन नसकेमा साधारण सम्झौता स्वतः रद्द भएको मानिने गरी साधारण सम्झौतामा व्यवस्था गर्नु पर्नेछ।

(४) परियोजनाको कार्यान्वयनको अवधि सम्झौता भएको मिति देखि प्रारम्भ हुने गरी परियोजना प्रस्तावमा उल्लेख गर्नु पर्नेछ।

18. **स्वीकृति लिनु पर्नेः**सम्झौता भएको परियोजनाको स्वीकृत कार्यक्रममा कुनै हेरफेर वा परिवर्तन गर्नु पर्ने भएमा परिषद्को सिफारिसमा मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

19. **प्रगतिको समीक्षा तथा अनुगमन मूल्याङ्कन प्रतिवेदन सम्बन्धी व्यवस्थाः**(१) संस्थाले परियोजनाको वित्तिय एवं भौतिक प्रगतिको वार्षिक प्रगति विवरण प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र परिषद्मा पठाउनु पर्ने व्यहोरा परियोजना प्रस्तावमा उल्लेख गर्नु पर्नेछ।

(२) संस्थाले परियोजनाको वार्षिक प्रगति विवरण र अनुगमन र मूल्याङ्कनको प्रतिवेदन, सुझाव एवं कार्यान्वयन कार्ययोजना परिषद्मा उपलब्ध गराउनु पर्नेछ।

(३) परिषद्ले उपदफा (२) वमोजिम प्राप्त प्रतिवेदनमन्त्रालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग र सम्बन्धित मन्त्रालयमा पठाउनु पर्नेछ।

(4) संस्थाले उपदफा (१)र (२) बमोजिमको प्रतिवेदन संस्थाको वेभसाइट मार्फत सार्वजनिक गर्नुपर्नेछ।

20. **समन्वयमा कार्य गर्नु पर्ने**: (१) संस्थाले प्रदेश र स्थानीय तहसँगको समन्वयमा रही कार्य गर्नु पर्नेछ।

(२) संस्थाको वार्षिक योजना, कार्यक्रम तथा बजेट स्थानीय तहको वार्षिक योजना, कार्यक्रम तथा बजेटमा समावेश गराउनु पर्नेछ।

21. **सहायता व्यवस्थापन प्रणालीमा समावेश हुनु पर्नेः** (१) संस्थाले परियोजना प्रस्ताव गर्दा प्रस्ताव गरेको परियोजना सम्बन्धी विवरण अर्थ मन्त्रालयको सहायता व्यवस्थापन प्रणालीमा प्रविष्ट गरी सोको प्रमाणसमेत परियोजना प्रस्ताव साथ संलग्न गर्नु पर्नेछ।

(२) परियोजना सम्झौता पश्चात उपदफा (१) बमोजिमको विवरणमा कुनै हेरफेर भएमासंस्थालेपन्ध्र दिन भित्र उपदफा (१) बमोजिमको सहायता व्यवस्थापन प्रणालीमा प्रविष्ट गर्नु पर्नेछ।

22. **सार्वजनिक सुनुवाई तथा सामाजिक लेखापरीक्षण गराउनु पर्नेः**संस्थाले सञ्चालन गरेको कार्यक्रमको सम्बन्धित स्थानीय तहमा वर्षको एक पटक तेस्रो पक्षद्वारा परीक्षणका साथै सार्वजनिक सुनुवाई तथा सामाजिक लेखापरीक्षण समेत गराउनुपर्नेछ।

23. **<u>विवरणर कागजात पेश गर्नु पर्नेः</u>** (१) संस्थाले परियोजना प्रस्तावमा आफ्नो कार्यक्रम कार्यान्वयन गर्ने स्थानीय साझेदार संस्थाको देहायका कागजात सहितको विवरण पेश गर्नु पर्नेछ :-

(क) साझेदार संस्था दर्ता तथा नवीकरण सम्बन्धी प्रमाण पत्र,
(ख) परिषद्‌बाट प्राप्त आवद्धताको प्रमाणपत्र,
(ग) साझेदार संस्थाको विधान,
(घ) स्थायी लेखा नम्बर (प्यान) वा भ्याट दर्ता प्रमाणपत्र,
(ङ) अघिल्लो आ.व.को लेखा परीक्षण प्रतिवेदन,
(च) कर छुटको प्रमाणपत्र प्राप्त गरेको भए सोको प्रमाण,
(छ) प्रचलित कानून बमोजिम कर चुक्ताको प्रमाणपत्र।

(२) संस्थाले साधारण सम्झौता र परियोजना सम्झौता प्रस्ताव गर्दा अनुसूची-१ बमोजिमको संक्षिप्त जानकारी सहितको स्वघोषणा, साधारण सम्झौताको हकमा अनुसूची-२ बमोजिमका कागजात र परियोजना सम्झौताको हकमा अनुसूची-३ बमोजिमका कागजात पेश गर्नु पर्नेछ।

24. **<u>बैंक खाता सम्बन्धी विवरण खुलाउनु पर्नेः</u>** (१) संस्थाले परियोजना प्रस्ताव गर्दा आफूले कारोवार गर्न चाहेको कुनै बाणिज्य बैंकको नाम र ठेगाना उल्लेख गर्नु पर्नेछ। संस्थाले परियोजना सम्झौता बमोजिम आफ्नो कार्य संचालन गर्दा नेपालभित्र ल्याईने सबै सहायता रकमको कारोवार सोही खाताबाट कारोवार गरिने व्यहोरा परियोजना प्रस्तावमा उल्लेख गर्नु पर्नेछ। सो खाता बाहेक अन्य बैंकमा खाता खोली कारोवार गर्न पाईने छैन।

**(२)** एकभन्दा बढी परियोजना सञ्चालन गर्ने संस्थाले प्रत्येक परियोजनाको लागि छुट्टा छुट्टै बैंक खाताको प्रयोग गर्नु पर्नेछ।

25. **<u>स्वीकृति नलिई विदेशीलाई काममा लगाउन नहुनेः</u>**प्रचलित कानून बमोजिम स्वीकृति नलिई कुनै पनि विदेशी नागरिकलाई संस्थामा काममा लगाउनुहुँदैन।

26. **<u>वैदेशिक सहायता परिचालन नीति प्रतिकूल हुने गरी परियोजना प्रस्ताव गर्ननहुने</u>**: कुनै पनि संस्थाले नेपाल सरकारको वैदेशिक सहायता परिचालन नीति प्रतिकूल हुने गरी परियोजना प्रस्ताव गर्नु हुँदैन।

27. **<u>सम्बन्धित मन्त्रालयको सहमति आवश्यक पर्नेः</u>**प्रस्तावित परियोजनाबाट सरकारी निकायलाई थप आर्थिक दायित्व थपिने भएमा उक्त दायित्व ब्यहोर्ने सहमतिपत्र प्रस्ताव साथ संलग्न गर्नु पर्नेछ ।

## परिच्छेद-४

## <u>परियोजना प्रस्ताव उपर छलफल र निर्णय सम्बन्धी व्यवस्था</u>

28. **<u>परियोजना प्रस्ताव उपर छलफल</u>**: (१) समितिको सिफारिश आवश्यक पर्ने विषयमा मन्त्रालयले परिषद्‌बाट प्राप्त प्रस्ताव सम्बन्धित मन्त्रालयको राय सहित समिति समक्ष पठाउनेछ।

(२) उपदफा (१) बमोजिम पेश हुन आएको परियोजना सम्बन्धी प्रस्ताव उपर समितिको बैठकमा पेश भई छलफल तथा विश्लेषण गरिनेछ।

(३) उपदफा (२) बमोजिम छलफल हुँदा पेश हुन आएको परियोजना प्रस्तावमा लेखिएको कुनै व्यहोराबाट गलत अर्थ वा सन्देश जान सक्ने वा परियोजना प्रस्ताव तयार गर्दा ध्यान दिनु पर्ने कुरा हरुमा ध्यान नदिएको वा उल्लेख गर्नु पर्ने कुनै कुरा उल्लेख गर्न छुटाएको वा बजेट तथा कार्यक्रम वीचको तालमेल नरहेको देखिएमा समितिले पेश हुन आएको परियोजना प्रस्तावमा सम्बन्धित मन्त्रालयको राय समेतलाई ध्यान दिई आवश्यक संशोधन परिमार्जन वा पुनर्लेखन गरी पुनः पेश गर्न सम्बन्धित संस्थालाई परिषद् मार्फत जानकारी गराउनेछ।

तर परियोजना प्रस्तावमा सामान्य सुधार गर्नु पर्ने भएमा त्यस्तो विषयमा समितिको सदस्य सचिवले सुधार गरेको अभिलेख रहने गरी सिफारिस गर्न र समितिमा पुनः पेश गर्नु नपर्ने गरी समितिले निर्णय गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम पुनः पेश गर्न जानकारी गराइएकोमा सो बमोजिम पुनः पेश भएका परियोजनाको प्रस्तावलाई समितिको बैठकमा राखी छलफल गरिनेछ।

(५) उपदफा (२) र (४) बमोजिम पेश हुन आएको परियोजना प्रस्तावमा परिच्छेद- ३ को व्यवस्था अनुरुप भएको, प्रचलित कानून विपरीत तथा नेपालको राष्ट्रिय हित विपरीत नरहेको परियोजना प्रस्तावलाई समितिले स्वीकृतिको लागि सिफारिस गर्नेछ।यस कार्यविधि बमोजिम कुनै परियोजना सिफारिस गर्न नसकिने अवस्था रहे सोको जानकारी परिषद्लाई दिनुपर्नेछ।

29. **समितिको बैठकको कार्यसूची निर्धारण:** (१) समितिको सदस्य सचिवले परिषद्बाट प्राप्त हुन आएका परियोजना प्रस्तावलाई प्राप्त भएको प्राथमिकताक्रमको आधारमा समितिको बैठकको कार्यसूचीमा राख्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि बैठकको कार्यसूची समितिका सदस्यलाई पठाइसकेको अवस्थामा बाहेक संयोजकले आवश्यकताका आधारमा प्राथमिकताक्रमको अर्को प्रस्तावलाई बैठकको कार्यसूचीमा राख्न सक्नेछ।

30. **परियोजना प्रस्ताव उपर निर्णय:** (१) समितिको बैठकको शुरुमा समितिको सदस्य-सचिवले बैठकमा छलफल गरिने विषयको संक्षिप्त जानकारी गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बैठकको विषयको बारेमा संक्षिप्त जानकारी दिएपछि बैठकको अध्यक्षता गर्ने व्यक्तिले प्रस्तावसँग सम्बन्धित संस्थाको प्रतिनिधिबाट प्रस्तावको बारेमा संक्षिप्त प्रस्तुति गर्न समय दिनेछ।

(३) उपदफा (२) बमोजिमको प्रस्तुतीकरण पछि बैठकका सहभागीले बैठकको कार्यसूचीको विषयमा केन्द्रित रहेर पालैपालो आफ्नो वा आफूले प्रतिनिधित्व गरेको निकाय वा कार्यालयको तर्फबाट संक्षिप्त धारणा, सुझाव प्रस्तुत गर्न सक्नेछन्।

(४) उपदफा (२) बमोजिम प्रस्तुती भई उपदफा (३) बमोजिम बैठकका सहभागीले धारणा वा सुझाव प्रस्तुत गरेपछि आवश्यकता अनुसार बैठकका सहभागीको बीचमा संक्षिप्त छलफल गर्न सकिनेछ।

(५) उपदफा (४) बमोजिमको छलफल पछि बैठकको अध्यक्षता गर्ने व्यक्तिले आफ्नो धारणा सहित बैठकको निचोड, निष्कर्ष वा आवश्यकता अनुसार प्रस्तावको विषयमा परिमार्जन वा सुधार गर्नु पर्ने व्यहोरा सहितको निर्णयको व्यहोरा मौखिक वा लिखित रुपमा प्रस्तुत गर्नेछ।

(६) उपदफा (५) बमोजिम बैठकबाट हुने निर्णय प्रस्तुत भएपछि त्यसमा कुनै छुट वा सच्याउनु पर्ने भएमा बैठकका सहभागीले सुधार गर्न वा सच्याउन तत्काल सुझाब राख्न सक्नेछ। कसैको निर्णय हुनु पर्ने व्यहोरामा फरक मत भएमा सो समेत राख्न सकिनेछ।

(७) उपदफा (५) बमोजिम प्रस्तुत गरिएको निर्णयको व्यहोरामा उपदफा (६) बमोजिम सुझाव आएकोमा त्यस्तो सुझाब समावेश गर्नु पर्ने भएमा सो समेत समावेस गरी बैठकको निर्णय सो बैठकको अध्यक्षता गर्ने व्यक्तिले जानकारी गराउनेछ।

31. **बैठकको निर्णय प्रमाणित गर्ने सम्बन्धी व्यवस्थाः** (१) समितिको सदस्य–सचिवले बैठकको निर्णयको मस्यौदा तयार गरी बैठकमा उपस्थित समितिका सदस्यलाई जानकारी गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निर्णयमा प्राप्त भएका प्रतिक्रिया समेतको आधारमा बैठकको निर्णय तयार गरी वा गर्न लगाई बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णय प्रमाणित गर्नु पर्नेछ।

(३) कुनै सहभागीले बैठकको निर्णयको व्यहोरामा भिन्न राय राखेकोमा सो राय लेखी निजको नाम सहित निर्णय पुस्तिकामा प्रमाणित गराई राख्नु पर्नेछ।

## परिच्छेद ५

## विविध

32. **रोजगारी सिर्जनाः** संस्थाले परियोजनाबाट सिर्जना गर्ने रोजगारीको खण्डीकृत तथ्याङ्क सम्बन्धी विवरण पेश गर्नु पर्नेछ।

33. **साधारण सम्झौताको सम्बन्धमा समेत लागू हुनेः** (१) परिषद्बाट प्राप्त साधारण सम्झौताको सम्बन्धमा समेत यो कार्यविधि लागू हुनेछ।

(२) संस्थाले साधारण सम्झौता पेश गर्दा त्यस्तो सम्झौतामा परियोजना सञ्चालन गर्न चाहेको कार्यक्षेत्र र अवधि समेत खुलाउनु पर्नेछ।

(३) संस्थाले पेश गर्ने परियोजना साधारण सम्झौताको अधीनमा रही पेश गर्नु पर्नेछ।

34. **खारेजी र बचाउः** (१) अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको परियोजना सहजीकरण समिति सम्बन्धी कार्यविधि, २०७० खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिमको कार्यविधि बमोजिम भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

<u>अनुसूची-१</u>

(दफा २३ को उपदफा (२) सँग सम्बन्धित)

<u>संस्थाले साधारण तथा परियोजना सम्झौता गर्दा पेश गर्ने संक्षिप्त जानकारी सहितको स्वः घोषणा</u>

(क) कार्यकारी सारांश (नेपाली र अङ्ग्रेजी दुवै भाषामा)–

(ख) आयोजना/परियोजना विवरण–

1. परियोजनाको नाम–
2. कार्यान्वयन गर्ने संस्था–
3. आयोजनाको उद्देश्य–
4. लक्षित समूह–
5. आयोजना संचालन क्षेत्र–
6. कुल बजेट/लागत–
7. आयोजना अवधि(शुरु/समाप्ति मिति)–
8. अपेक्षित परिणाम/नतिजा–
9. समन्वय गर्ने निकाय–
10. अनुगमन/मूल्याङ्कन व्यवस्था–
11. कैफियत–

(ग) परियोजनाको बजेट नेपाललाई उपलव्ध गराउने भनी प्रतिवद्धता ब्यक्त गरेको रकम (Earmarkbudget) नभएको।

(घ) परियोजनाको बजेटसम्पत्ति शुद्धिकरण सम्बन्धी प्रचलित कानूनले प्रतिबन्ध गरेको संस्था र व्यक्तिबाट प्राप्त नभएको।

प्रस्तुत परियोजना नेपाल सरकारको प्रचलित कानूनको अधीनमा रही कार्यान्वयन गरिने प्रतिवद्धता व्यक्त गर्दछु। साथै संलग्न चेक लिष्टमा भएको विवरण पूर्ण र साँचो रहेको व्यहोरा घोषणा गर्दछु। सो बमोजिम नभएमा प्रचलित कानून बमोजिम हुने कारवाहीका लागि मञ्जुर छु।

........................

प्रतिनिधि

परियोजना संचालन गर्ने संस्थाको छाप

<u>पेश गरे बमोजिमका कागजात रुजू/पेश गर्ने:</u>

<u>रुजु गर्ने कर्मचारीको</u>,–
दस्तखत:
नाम, थर:
पद:
मिति:
समाज कल्याण परिषद्को छाप

<u>पेश गर्ने कर्मचारीको</u>,–
दस्तखत:
नाम, थर:
पद:
मिति:
समाज कल्याण परिषद्को छाप

अनुसूची–२

(दफा २३ को उपदफा (२) सँग सम्बन्धित)

**चेकलिष्ट**

................................................................ संस्था

**साधारणसम्झौता (General Agreement)**

कार्यक्षेत्र :
सम्झौताअवधिः

| **क्र.स.** | **विषय** | **छ** | **छैन** | **कैफियत** |
|---|---|---|---|---|
| १. | परिषद्को सिफारिस पत्र | | | |
| २. | अघिल्लो साधारण सम्झौता (नवीकरण) | | | |
| ३. | प्रस्तावित साधारण सम्झौता (General Agreement) को मस्यौदा | | | |
| ४. | प्रतिवद्धता पत्र (Donor Commitment Letter) | | | |
| ५. | संस्थाको विधान ( bylaw) र प्रमाणपत्र | | | |
| ६. | अवधारणा पत्र (Concept Paper) नेपाली र अङ्ग्रेजी दुवै भाषामा | | | |
| ७. | स्थायी लेखा नम्बर (PAN) दर्ताको प्रमाणपत्र | | | |
| ८. | करचुक्ता प्रमाणपत्र (पुरानोकोहकमा) | | | |
| ९. | लेखा परिक्षण प्रतिवेदन (पुरानोकोहकमा) | | | |
| १०. | यस भन्दा अगाडि संचालित परियोजनाको मध्यावधि र अन्तिम मूल्यांकन प्रतिवेदनको प्रतिलिपि (नवीकरणको हकमा) | | | |
| ११. | परिषद्मा पेश गरिएको अन्तिम तथा मध्यावधि मूल्यांकनमा सिफारिस गरिएका सुझावको कार्यान्वयन कार्ययोजना (Recommendation Implementing Action plan) | | | |

**चेक गर्ने** : **रुजु गर्ने** : **फाइल पेश गर्ने** :

अनुसूची -३
(दफा २३ को उपदफा (२) सँग सम्बन्धित)

**चेकलिष्ट**

................................................................ संस्था

**परियोजना सम्झौता (Project Agreement)**

काम गर्ने प्रदेश, जिल्ला र पालिका:
जम्मा रकमः

| क्र.स. | विषय | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| 1. | परिषद्को सिफारिस पत्र | | | |
| 2. | संस्थाको विधान (bylaw) र प्रमाणपत्र | | | |
| 3. | कर चुक्ता प्रमाणपत्र | | | |
| 4. | आयकर छुट प्रमाणपत्र | | | |
| 5. | अर्थ मन्त्रालयको व्यवस्थापन सूचना प्रणालीमा(Aid Management Platform) प्रविष्ट गरेको कागजात | | | |
| 6. | नगरपालिका वा गाउँपालिकाको पूर्व सहमति पत्र | | | |
| 7. | सम्बन्धित संस्थाको छाप र हस्ताक्षर भएको अंग्रेजी भाषामा तयार गरिएको परियोजना सम्झौता (Project Agreement) र नेपाली भाषामा तयार गरेको कार्यकारी सारांश | | | |
| 8. | स्थायी लेखा नम्बर (PAN) दर्ताको प्रमाणपत्र | | | |
| 9. | संस्थाको पछिल्लो लेखा परिक्षण प्रतिवेदन | | | |
| 10. | प्रस्तावित परियोजना संचालनको लागि स्वीकृत भएको पछिल्लो साधारण सम्झौता (General Agreement) को छायाँ प्रति | | | |
| 11. | संस्था छनौट गर्दा प्रकाशित गरिएको सूचना (EOI) | | | |
| 12. | साझेदार संस्थाका कागजात (विधान, स्थायी लेखा नम्बर (PAN) दर्ताको प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र , आयकर छुट, सम्बन्धित जिल्ला प्रशासन कार्यालय र परिषद्मा संस्था नवीकरण अद्यावधिक गरिएको पत्र र साझेदार संस्थाको लेखा परिक्षण प्रतिवेदन) | | | |
| 13. | यस भन्दा अगाडि संचालित परियोजनाको मध्यावधि र अन्तिम मूल्यांकन प्रतिवेदनको प्रतिलिपि | | | |
| 14. | परिषद्मा पेश गरिएको अन्तिम तथा मध्यावधि मूल्यांकनमा सिफारिस गरिएका सुझावहरुको कार्यान्वयन कार्ययोजना (Recommendation Implementing Action plan) | | | |

**चेक गर्ने** : **रुजु गर्ने** : **फाइल पेश गर्ने** :